# सुलोचना महाकाव्यमा अलङ्कार

धनपति कोइराला (पिएच डी.)
**dpk2068@gmail.com**
DOI: https://doi.org/10.3126/madhyabindu.v10i1.75618
मध्यविन्दु बहुमुखी क्याम्पस, कावासोती

**लेखसार**

शुक्लयजुर्वेद, उपनिषद्, रामायणहरूदेखि साहित्यका हरेक विधाहरूमा अलङ्कारको प्रयोग गरिएको छ । अलङ्कारको स्वस्फूर्त तथा प्राकृत प्रयोगले कृति सुन्दर, आस्वाद्य तथा मार्मिक बन्न पुग्ने शास्त्रीय तथा व्यावहारिक मान्यता रहेको छ । यस सन्दर्भमा माध्यमिक तहअन्तर्गत कक्षा ११ को ऐच्छिक नेपाली, त्रिवि, नेसंवि, पूवि. आदिका स्नातक तथा स्नातकोत्तर तहका ऐच्छिक नेपाली विषयका पाठ्यक्रममा अलङ्कार शास्त्र समावेश गरिएको छ । यी विश्वविद्यालयका स्नातक तहमा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित सुलोचना (२००२) महाकाव्य पनि समावेश गरिएको छ । अलङ्कार शास्त्रको शास्त्रीय शिक्षण उक्त कृतिका पद्यहरूबाट गर्दा प्रभावकारी हुन सक्ने भएकाले त्यसमा रहेका अलङ्कारहरूको पहिचान गरी तिनको व्याख्या विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । यसमा गुणात्मक विधिअन्तर्गत पुस्तकालयीय कार्य गरिएको छ । प्राथमिक सामग्रीका रूपमा सुलोचना (२००२) महाकाव्य र द्वितीयक सामग्रीका रूपमा अलङ्कारसँग सम्बद्ध शोधग्रन्थ, पुस्तक तथा लेखहरू उपयोग गरिएका छन् । शब्दालङ्कारअन्तर्गत प्रयोग भएका अनुप्रास (छेकानुप्रास, वृत्यनुप्रास, श्रुत्यनुप्रास र अन्त्यानुप्रास) तथा यमकले कृतिको शैलीशिल्पगत सौन्दर्य अभिवृद्धि गर्नमा उल्लेख्य भूमिका खेलेका छन् । अर्थालङ्कारअन्तर्गत उपमा, रूपक, उत्प्रेक्षा, समासोक्ति, अतिशयोक्ति, स्वभावोक्ति, छेकोक्ति, सार, दृष्टान्त, सङ्कर, अधिक, परिकर, परिकराङ्कुर, श्लेष, काव्यलिङ्ग, व्याजस्तुति, अनुमान, उत्तर, प्रेय, विनोक्ति, सहोक्ति, विरोधाभास र अन्योन्य अर्थालङ्कारको सुन्दर संयोजनले कृति उत्कृष्ट बन्न पुगेको छ । आख्यान तत्त्वसँगै स्वतःस्फूर्त रूपमा प्रवाहित भएर बगेका यी अलङ्कारहरू कृत्रिम नभई सहज र सरल देखिएका छन् । यसमा पहिचान भएका अलङ्कारयुक्त पद्यहरू अलङ्कार सिद्धान्तको शिक्षण गर्न, अलङ्कारका दृष्टिले सम्बद्ध कृतिको विश्लेषण गर्न तथा शोधकार्य गर्ने शोधार्थीहरूलाई समेत अनुसन्धानमूलक कार्य गर्नमा सहयोगी हुन सक्तछन् ।

**विशेष शब्दकुञ्जी** : शब्दालङ्कार, अर्थालङ्कार, काव्यास्वादन, उक्तिवैचित्र्य ।

## विषयवस्तुको परिचय

महाकवि लक्ष्मीप्रसाद देवकोटा वि.सं. १९६६ साल कार्तिक २७ गते शुक्रबार लक्ष्मीपूजाका दिन रातको ९ बजेर ५८ मिनेटमा काठमाडौंको धोवीधारामा जन्मेका हुन् । जन्मको घडीपलाअनुसार विशाखा नक्षत्रअन्तर्गत पहिलो पाउ परेकाले यसैअनुरूप तीर्थमाधव नामकरण गरिए पनि लक्ष्मी पूजाका दिन जन्मिएका हुँदा भगवती लक्ष्मीको प्रसादस्वरूप सम्झिएर लक्ष्मीप्रसाद नाम राखिएको हो (बन्धु, २०४६, पृ.२१) । गोरखाका कविका रूपमा ख्याति कमाएका लक्ष्मीधर र विद्याधर राज्यको एकीकरणसँगै काठमाडौंमा बसाइँ सरी आएका दुई भाइहरूमध्ये विद्याधरका पुत्र जगन्मणि, उनका छोरा षड्शास्त्री चन्द्रदत्तका छोरा पं. तिलमाधवका साहिँला पुत्रका रूपमा उनको जन्म भएको थियो ।

घरमा नै पिताजीसँग संस्कृत व्याकरण, कोश काव्यशास्त्रादि ग्रन्थहरूको अध्ययन गरेका देवकोटाले १९७७ साल चैत्रमा कक्षा ५ मा भर्ना भई औपचारिक शिक्षा आरम्भ गरेका थिए । उनको १५ वर्षको किशोरवयमा नै १९८१ सालमा मनदेवीसँग विवाह भयो । १९८२ सालमा १६ वर्षको उमेरमा प्रथम श्रेणीमा म्याट्रिकुलेशन परीक्षा उत्तीर्ण गरे (बन्धु, २०४६, पृ.२३) । अध्ययनसँगै उनको कवित्व प्रतिभा प्रखर बन्दै गएको थियो । त्रिचन्द्र कलेजबाट १९८५ सालमा द्वितीय श्रेणीमा आइ.एस्सी उत्तीर्ण भएका देवकोटाले १९८६ साल फागुनमा बी.ए.परीक्षा उत्तीर्ण गरे ।

१९९१ सालको मङ्सिर १५ गतेको 'गोरखापत्र'मा पूरा नाममा 'पूर्णिमाको जलधि' कविता छपाएका देवकोटाको १९९२ सालमा मुनामदन खण्डकाव्य प्रकाशित भयो । भारतीय विश्वविद्यालयले नेपाली विषयलाई मुख्य विषयको रूपमा अध्यापन गराउन थालेपछि नेपाली भाषाका पुस्तकहरू उत्पादन गर्ने उद्देश्यले स्थापित 'नेपाली भाषानुवाद परिषद्'मा पुस्तक लेखकका रूपमा २००० साल भदौ ११ गते सेवामा प्रवेश गरे । उनले पटना विश्वविद्यालयमा आई. ए. र बी.ए.मा मुख्य विषयका रूपमा पाठ्यक्रम स्वीकृत भई आधारभूत पाठ्यपुस्तक तयार गर्ने योजनाअन्तर्गत २००२ सालमा शाकुन्तल महाकाव्य लेखेका हुन् (बन्धु, पूर्ववत्) । यो उनले रातीरातीको फुर्सदिलो समय उपयोग गर्दै तीन महिनामा तयार पारिएको भूमिकामा उल्लेख गरेका छन् । शाकुन्तल महाकाव्य लेखनको अग्निपरीक्षा स्वरूप १० दिनका ६० घण्टामा सुलोचना महाकाव्य पनि लेखे (देवकोटा, २००२, भूमिका) । यसै वर्ष कुञ्जिनी, दुष्यन्त-शकुन्तला भेट खण्डकाव्य, वनकुसुम, (प्रकाशनः २०२४), महाराणा प्रताप (प्रकाशनः २०२४) र पृथ्वीराज चौहान (प्रकाशनः २०४९) महाकाव्य पनि लेखेर सिद्ध्याएका हुन् । यसै वर्ष उनले रावणजटायुयुद्ध, (प्रकाशनः २०१५), म्हेन्दु, (प्रकाशनः २०१५), सीताहरण, (प्रकाशनः २०२४) र तुषारवर्णन (प्रकाशनः २०५९) खण्डकाव्य तयार पार्दछन् (पूर्ववत्, २०४६, पृ. २४-४७) । २०१० सालमा 'भरियाले भारी उचाल्यो' (प्रगति, १:१), 'पागल' (प्रगति १:३) आदि कविताहरू र 'प्रमिथस' महाकाव्यका केही अंश (प्रगति, १:२-५) पनि प्रकाशित हुन्छन् । २०१४ सालमा देवकोटाले जयन्ती पत्रिकामा प्रकाशनार्थ लेखिदिएको 'भिखारी'... ,यात्री', 'प्रश्नोत्तर', र 'वन' कविताहरू जुन प्रगतिको वर्ष ३: ४, ५, ६ र ७ अङ्कमा क्रमशः प्रकाशित (पूर्ववत्, २०४६, पृ. ५१) हुन्छन् ।

यसरी निरन्तर काव्यसाधनामा तल्लीन देवकोटाले क्यान्सर रोगका कारण देह शिथिल हुँदै गर्दा २०१६ साल भदौ १९ गते बिहान ७ बजेतिर हरि श्रेष्ठसँग कविता लेख्न पाना मागे । त्यसैमा नेपाली कविता यात्राको विश्रान्ति स्वरूप 'म शून्यमा शून्यसरी' कविता रचना गरे । भदौ २७ गते आर्यघाटको ब्रह्मनालमा सारिएका देवकोटाको देहावसान भदौ २९ गते साँझ ६ वजेर १० मिनेटमा भयो (पूर्ववत्, २०४६, पृ. ६५)। उनको पार्थिव शरीरले विश्रान्ति लिए पनि नेपाली मानसमा भने उनी अमर बन्न पुगे ।

उनले पूर्वीय पौराणिक मिथकमा आधारित शाकुन्तल (२००२), ऐतिहासिक पात्रमा आधारित पृथ्वीराज चौहान (२०२४) र महाराणा प्रताप (२०२४), सामाजिक विषयमा आधारित सुलोचना (२००२) र वनकुसुम (२०२५) पच्छिमा पूरा कथामा आधारित प्रमिथस (२०११) काव्य सृजना गरी आख्यानीकरणमा विविधता अँगालेका छन् । वार्णिक छन्दमा आधारित रही उनले शाकुन्तल, सुलोचना, वनकुसुम, लोकलयको प्रयोग गरी पृथ्वीराज चौहान, महाराणा प्रताप र गद्यलयको प्रयोग गरी प्रमिथस महाकाव्य लेखेका छन् । अद्वैतवादी दर्शनको अनुसरण गर्नु, विकृतिमाथि व्यङ्ग्य गर्दै सुधारको चाहना राख्नु, शाश्वत प्रेममा विश्वास गर्नु, सत्यको जित र असत्यको पराजय हुने तथ्यलाई अङ्गीकार गर्नु, वीरहरूप्रति सम्मान र श्रद्धाभाव राख्नु तथा मानवतावादप्रति उच्च आस्था प्रकट गर्नु उनका महाकाव्यमा पाइने प्रवृत्ति हुन् (गौतम, २०५६, २४७-२६४)। स्वच्छन्दतावादी प्रगतिवादी चेतना

प्रस्तुत गर्नु, स्वस्फूर्त सृजनाशीलता रहेको पाइनु, संयम, सन्तुलन र परिष्कारको अभाव देखिनु, प्रकृतिप्रति असीम अनुराग देखिनु, शास्त्रीय लयमा स्वस्फूर्त उच्छलन पाइनु, सहरभन्दा गाउँ र गाउँभन्दा वन र वनभन्दा घना वनप्रति अतिशय अनुराग रहेको देखिनु, अतीतप्रति अतिशय मोह राखिनु, लेखनमा आशुकवित्व देखिनु र लघु आयामदेखि ठुला आयामसम्मका कविताको सृजना गर्नु उनका महाकाव्यीय वैशिष्ट्य हुन् (जोशी, २०५२, पृ. २१-४५) । देवकोटाका महाकाव्यहरूमा छन्द र अलङ्कारहरूको पनि प्राकृत प्रवाह रहेको देखापर्दछ ।

यस्ता काव्यकृतिहरूको लेखनमा स्वस्फूर्त लयसँगै प्राञ्जल, सुकुमार तथा सुललित पद पदावलीहरूले विशेष भूमिका खेल्ने गर्दछ । त्यस्ता कोमल अनेकार्थयुक्त पदपदावलीको चयनमा रीतिको उल्लेख्य भूमिका रहेको हुन्छ । गुणयुक्त भएमा मात्र रीतिले अझ विशिष्टता थप्न सक्तछ । यसमा अझ प्रभावकारिता थप्न अलङ्कारको विशेष स्थान रहेको हुन्छ । विनाअलङ्कार काव्यमा उक्तिवैचित्र्य प्राप्त हुन कठिन हुन्छ । यसले काव्यमा रस र व्यङ्ग्यार्थलाई परिपाक अवस्थामा पुऱ्याउनमा पनि महत्त्वपूर्ण भूमिका खेल्दछ ।

शुक्लयजुर्वेदको ३४ औं अध्यायको ६ औं ऋचामा रथ चलाउन निपुण सारथिले जसरी एउटै रथका धेरै घोडाहरूलाई पनि सहजै एउटै गन्तव्यमा हिँडाउन सक्छ, त्यसरी नै असल मानिसले पनि ज्ञानेन्द्रियहरूलाई सही मार्गमा हिँडाउन सक्छ ( सुषारथिरश्वान्निवयन्म्मनुष्यान्नेनीयतेभीशुभिर्वाजिन इव...सन् २०११, पृ.७२७) भन्ने कथनमा उपमा अलङ्कारको सुन्दर प्रयोग गरिएको छ । यस्तै उपनिषद्, पुराण आदि हुँदै रागात्मक भाषामा लेखिएका पूर्वीय साहित्यका सम्पूर्ण विधाहरूमा अलङ्कारको प्रयोग भएको देखापर्दछ (पन्त, २०५६, पृ.१-७) । पाश्चात्य साहित्यमा पनि उपमा (सिमिली), रूपक (मेटाफर) आदि अलङ्कारहरूको प्रयोग हुने गरेको छ । अलङ्कारलाई नै वर्तमानमा बिम्ब र प्रतीकका रूपमा लिने गरिएको हुँदा (पन्त, २०५६, पृ.४) यसको महत्त्व घटेको देखापर्दैन ।

यसप्रकार कविता काव्यहरूमा अलङ्कारको प्रयोग सर्वत्र हुने गरेको छ । यसलाई प्राकृत रूपमा संयोजन गरिएका कृतिहरू विश्वविख्यात बनेका छन् । यसर्थ कृतिलाई सुन्दर तुल्याउन अलङ्कारको महत्त्व र उपादेयता रहेको तथ्य स्पष्ट रहेको अवस्थामा कक्षा ११ को ऐच्छिक विषयको पाठ्यक्रम, त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयहरूका स्नातक तहका पाठ्यक्रममा अलङ्कार सिद्धान्त समावेश गरिएको छ । त्यसलाई विभिन्न उदाहरणहरूद्वारा पुष्टि गर्नैपाठ्यक्रममा राखिएका कविता काव्यहरू नै बढी सान्दर्भिक र सहयोगी सिद्ध हुन सक्छन् । यस सन्दर्भमा स्नातक तहको पाठ्यक्रममा समाविष्ट सुलोचना (२००२) महाकाव्यमा प्रयोग भएका अलङ्कारयुक्त पद्यहरूलाई उदाहरणका रूपमा उल्लेख गरी अलङ्कार सिद्धान्त शिक्षण गर्दा सिकाइ प्रभावकारी हुन सक्तछ । उदाहरणबाट सिद्धान्त शिक्षण गर्ने आगमनात्मक पद्धति सिकाइका निम्ति निकै प्रभावकारी हुने देखिएको छ । अलङ्कारको उदाहरणसहितको सैद्धान्तिक ज्ञानले काव्यास्वादन गर्न र कविता काव्यहरूमा निहित अलङ्कारको अनुशीलन गर्न चाहनेहरूका लागि पनि थोरै भए पनि यो मार्गचित्र बन्न सक्ने भएकाले पनि प्रस्तुत अध्ययनको औचित्य पुष्टि भएको छ । साथै अलङ्कार शास्त्र पढ्ने विद्यार्थी, शिक्षक तथा कृतिमा निहित अलङ्कारको अनुशीलन गर्न चाहने अनुसन्धाताहरूका निम्ति यो उपयोगी हुने देखिएको छ ।

अलङ्कारसम्बन्धी पूर्वीय समालोचनाको शास्त्रीय सिद्धान्तमा मात्र आधारित रहेर महाकवि देवकोटाद्वारा लिखित सुलोचना (२००२) महाकाव्यमा प्रयोग भएका केही शब्दालङ्कार र अर्थालङ्कारहरूको पहिचान गरी तिनको मात्र सोदाहरण उल्लेख गर्नु प्रस्तुत अध्ययनको परिसीमा रहेको छ । काव्यमा पहिचान भएका शब्दालङ्कार तथा अर्थालङ्कारका भेदोपभेदहरूको सैद्धान्तिक मान्यताहरूको मात्र उल्लेख गरिएको छ । तिनलाई उल्लेख गर्दा प्रयोगपरकतालाई ध्यानमा राखी विश्लेषणका आधार शीर्षकमा

उल्लेख नगरेर जहाँ व्याख्या विश्लेषण गर्ने हो तत् तत् स्थानमा मात्र प्रस्तुत गरिएको छ । यसमा उक्त कृतिको रीति, वक्रोक्ति, रसभाव, महाकाव्यीय संरचना आदिका आधारमा विश्लेषण गरिएको छैन ।

## समस्या तथा उद्देश्य

माध्यमिक तहको कक्षा ११ को ऐच्छिक नेपाली विषय, स्नातक तहको नेपाली मुख्य विषय लिई अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि त्रिवि, नेसंवि तथा पूर्वाञ्चल विश्वविद्यालयहरूको पाठ्यक्रममा अलङ्कारशास्त्र समावेश गरिएको छ । उक्त विश्वविद्यालयका स्नातक तहको पाठ्यक्रममा सुलोचना (२००२) महाकाव्य पनि समाविष्ट छ । अलङ्कारका भेदोपभेदसम्बन्धी सिद्धान्तहरूको पुष्टि उक्त महाकाव्यमा प्रस्तुत उदाहरणहरूबाट गर्नु शैक्षणिक दृष्टिले प्रभावकारी हुन सक्तछ । अलङ्कार सिद्धान्त र उक्त महाकाव्य दुवै पाठ्यक्रममा समावेश हुँदा सैद्धान्तिक ज्ञानको धरातलमा खडा भई उक्त कृतिको अध्ययन अनुसन्धान नहुनु एउटा समस्या नै हो । यसर्थ अलङ्कारका दृष्टिले प्रस्तुत महाकाव्यको कहीँ कतैबाट पनि अध्ययन अनुसन्धान गरिएको फेला नपरेको हुँदा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित सुलोचना (२००२) महाकाव्यमा प्रयोग भएका केही अलङ्कारको पहिचान गरी तिनलाई अलङ्कार सिद्धान्तका धरातलमा केन्द्रित रहेर सोदाहरण वर्णन, व्याख्या तथा पुष्टि गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि तथा प्रक्रिया

प्रस्तुत शोध गुणात्मक विधिमा आधारित छ । यसमा पुस्तकालयीय कार्यबाट अलङ्कारसम्बन्धी आवश्यक सैद्धान्तिक ज्ञान तथा सुलोचना महाकाव्यमा प्रयोग भएका अलङ्कारयुक्त पद्यहरू सामग्रीका रूपमा लिई तिनलाई वर्णन तथा विश्लेषण गर्न वर्णनात्मक तथा विश्लेषणात्मक विधि उपयोग गरिएको छ । यसमा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित सुलोचना (२००२) महाकाव्यलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । यसमा रहेका पद्यहरूमा प्रयोग भएका अलङ्कारहरूको पहिचान गर्न अलङ्कारशास्त्र तथा उदाहरणलाई सिद्धान्तका आधारमा वर्णन, व्याख्या र विश्लेषण गर्ने समालोचकीय सक्षमताका लागि अलङ्कारका आधारमा गरिएका कृतिपरक शोधप्रबन्ध उपयोग गरिएको छ । शोधसार, समस्या तथा उद्देश्य निर्धारण, शोधविधि तथा प्रक्रिया, निष्कर्षका लागि लेखहरू एवम् सन्दर्भाङ्कन तथा सन्दर्भसूचीका लागि भाषिक अनुसन्धान विधिसँग सम्बन्धित ग्रन्थहरूको उपयोग गरिएको छ ।

यसमा सुरुमा कविता काव्यमा प्रयुक्त अलङ्कारहरूको पहिचानका लागि अलङ्कारशास्त्रसँग सम्बन्धित विभिन्न शोधप्रबन्ध, समालोचनाशास्त्र तथा लेखको गहन अध्ययन गरियो । यसपछि सुलोचना (२००२) महाकाव्यका हरेक पद्यहरूको गहन अध्ययन गरी त्यसमा प्रयोग भएका अलङ्कारहरूको पहिचान गरिएपश्चात् ती पद्यहरू टिपोट गरी पुनः सिद्धान्तसँग रुजु गर्ने काम गरियो । त्यसपछि अलङ्कारका भेद र उपभेदको सैद्धान्तिक परिचय दिई त्यसैका आधारमा पहिचान भएका पद्यहरू राखेर तिनलाई वर्णन, व्याख्या तथा विश्लेषणद्वारा पुष्ट तुल्याई निष्कर्ष निकाल्ने र अन्त्यमा लेख तयार पार्ने कार्य गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधलेख तयार पार्ने क्रममा अलङ्कारका आधारमा अध्ययन अनुसन्धान गरिएका विभिन्न तहका शोधपत्रहरू, अलङ्कारशास्त्रसँग जोडिएका विभिन्न लाक्षणिक ग्रन्थहरू तथा अनुसन्धानमूलक पत्रिकामा प्रकाशित लेख तथा आलेखहरूको अध्ययन यसप्रकार गरिएको छ :

कुमारबहादुर जोशीद्वारा २०५२ सालमा प्रकाशित महाकवि देवकोटा र उनका महाकाव्य शीर्षकको शोधपरक ग्रन्थको अध्ययन गरिएको छ । यसमा पूर्वीय काव्यमान्यताको आलोकमा महाकवि देवकोटाका सम्पूर्ण महाकाव्यहरूको अध्ययन तथा विश्लेषण गरी तिनलाई उत्कृष्ट काव्यको दर्जा दिइएको छ । २०५६ सालमा कृष्ण गौतमद्वारा देवकोटाका प्रबन्धकाव्य शीर्षकको अनुसन्धानमूलक ग्रन्थ प्रकाशन गरिएको छ । यसमा अलङ्कारका दृष्टिले सुलोचना (२००२) महाकाव्यको सङ्क्षेपमा चर्चा गरिएको छ । नारायणप्रसाद खनालद्वारा २०५९ सालमा कविशिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित ऋतुविचार (१९९२) खण्डकाव्यको अलङ्कार शास्त्रीय अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । यसमा खण्डकाव्यका प्रत्येक पद्यहरूमा स्थित अलङ्कारका भेदोपभेदहरूको सूक्ष्म रूपमा अन्वेषण गरिएको छ । लेखप्रसाल निरौलाद्वारा राष्ट्रकवि माधवप्रसाद घिमिरेका काव्यमा अलङ्कारको प्रयोग शीर्षकमा शोधकार्य गरिएको छ । यसमा अलङ्कारका मान्यतामा आधारित रहेर घिमिरेका गौरी, राष्ट्रनिर्माता, राजेश्वरी, इन्द्रकुमारी र नयाँ नेपाल खण्डकाव्यहरूको अध्ययन गर्ने क्रममा अलङ्कारहरूको सोदाहरण चर्चा गरिएको छ । सूर्यप्रसाद भट्टराईद्वारा २०७८ सालमा कविशिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित तरुणतपसी महाकाव्यमा अलङ्कारको प्रयोग शीर्षकमा शोधकार्य गरिएको छ । यसमा भट्टराईले तरुणतपसी महाकाव्यका पद्यहरूमा स्थित अलङ्कारहरूको पर्यालोचना गरेका छन् । कृष्णप्रसाद अधिकारीद्वारा २०६० सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको महाकाव्यको संरचना शीर्षकमा शोधकार्य गरिएको छ । यसमा पूर्वीय सिद्धान्तका आलोकमा महाकाव्यको परिचर्चा गर्ने क्रममा सङ्क्षेपमा सुलोचना महाकाव्यमा स्थित अलङ्कारको परिचर्चा गरिएको छ । धनपति कोइरालाद्वारा २०७१ सालमा अलङ्कारका दृष्टिले अब्बल उषाअनिरुद्ध महाकाव्य लेख प्रकाशित गरिएको छ । यसमा महाकाव्यमा प्रस्तुत अलङ्कारको सोदाहरण उल्लेख गरी अलङ्कार प्रयोगका दृष्टिले कृति उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ । धनपति कोइरालाद्वारा नै २०७४ सालमा शूर्पणखा खण्डकाव्यको आलङ्कारिक दृश्यावलोकन शीर्षकमा लेख प्रकाशन गरिएको छ । यसमा कृतिमा निहित अलङ्कारको पहिचान गरी व्याख्या विश्लेषण पनि गरिएको छ ।

उल्लिखित शोध प्रबन्ध र लेखहरूको अध्ययनबाट सुलोचना (२००२) महाकाव्यको अलङ्कारका आधारमा पर्यालोचन गर्नका निम्ति आवश्यक शास्त्रीय आधार प्राप्त हुनुका साथै लेखको ढाँचा निर्माण गर्न तथा कृतिमा निहित अलङ्कार पर्गेल्नमा पनि महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

## सैद्धान्तिक सन्दर्भ र विश्लेषणको आधार

'अलम्' 'उपपदपूर्वक' 'कृ' धातुमा 'घञ्' प्रत्ययको योग भई अलङ्कार शब्दको व्युत्पादन भएको हो । यसको सौन्दर्य बढाउने आभूषण भन्ने अर्थ हुन्छ । 'अलङ्कृति : अलङ्कार :' यो व्युत्पत्तिअनुसार काव्यको सौन्दर्य वा शोभा नै अलङ्कार हो भन्ने अर्थ हुन्छ । 'अलङ्क्रियते अनेन इति अलङ्कारः', यो व्युत्पत्तिअनुसार काव्यको शोभा बढाउने साधन वा उपकरण भन्ने अर्थ हुन्छ । उक्त दुई व्युत्पत्ति र अर्थमध्ये पहिलोचाहिँ काव्यशोभा नै अलङ्कार हो भन्ने व्यापक दृष्टिकोणको रूपमा प्रयोग भएको छ भने दोस्रोचाहिँ काव्य सौन्दर्यको उपकारक साधन भन्ने सङ्कुचित दृष्टिकोणको रूपमा प्रयोग (शर्मा र लुइँटेल, २०६१, पृ. ५७) भएको छ । अझ अलङ्कारको स्वस्फूर्त तथा प्राकृत प्रयोगले कृति सुन्दर, आस्वाद्य तथा मार्मिक बन्न पुग्ने शास्त्रीय तथा

व्यावहारिक मान्यता पनि रहेको सन्दर्भमा अलङ्कारलाई काव्यको शोभा ठान्ने र यसलाई काव्यको शोभाकारक धर्म मान्ने दुई अभिमतहरू देखिएका छन् ।

आचार्य भामह, दण्डी, रुद्रट आदि आचार्यहरू यसलाई काव्यको शोभा मान्दछन् भने आनन्दवर्द्धन, विश्वनाथ आदि आचार्यहरू यसलाई काव्यको शोभाकारक धर्ममात्र ठान्दछन् (श्रेष्ठ, २०५४, पृ. ११४) । अलङ्कारलाई काव्यको आत्मा ठान्ने पहिलो आचार्य भामह हुन् । उनका विचारमा अलङ्कार भनेको शब्दका आधारमा गरिने वक्रिम अभिव्यक्ति हो (भामह, सन् २००२, पृ. ९) । उनले अलङ्कारलाई काव्यको प्राणतत्त्वका रूपमा हेर्दै यसको अभावमा काव्यमा काव्यत्व नै जीवित नरहने बताएका छन् । उनका अनुयायी दण्डीले पनि काव्यको सौन्दर्यका रूपमा अलङ्कारलाई लिएका छन् (दण्डी, २०१५, पृ.४५)। आचार्य विश्वनाथ अलङ्कारलाई काव्यको सहायक तत्त्व मात्र मान्दछन् । उनका विचारमा गरगहना, औंठी, हार आदि आभूषणले मानिसको शरीरका शिर, कण्ठ आदि अङ्गलाई सौन्दर्यवर्द्धक तुल्याएझैं अलङ्कारले काव्यको सौन्दर्य बढाउने अस्थिर धर्मको कार्य गर्दछ । प्रायः ध्वनिवादी, रसवादी तथा गुणवादी आचार्यहरू अलङ्कारलाई सहायक तत्त्वका रूपमा मात्र हेरेका छन् । अलङ्कारवादी आचार्यहरूका दृष्टिमा भने अलङ्कार काव्यको आन्तरिक तत्त्व हो भन्नेहरूको स्वर निकै उच्च रहेको छ (कोइराला, २०७०, पृ. १११) । षोडश शृङ्गारमा सजिएकी सुन्दरी युवतीमा जस्तो सौन्दर्य झल्कन्छ काव्यमा पनि तेस्तै सौन्दर्य र आभा अलङ्कारले प्रदान गर्ने गर्दछ । पाश्चात्य साहित्यशास्त्रमा पनि यसलाई प्रतीक र विम्बका रूपमा हेरिएको छ (पन्त, २०५६, पृ. ४) । वस्तुतः काव्यमा सौन्दर्य बढाउने धर्म अलङ्कार भएकाले यसको अभावमा काव्यमा सौन्दर्य पैदा हुन सक्दैन र जति अलङ्करण सशक्त र प्रभावकारी हुन्छ त्यति नै कृति प्रभावकारी हुन पुग्दछ ।

यसरी विभिन्न आचार्यहरूको परिभाषा र कथनलाई दृष्टिगत गर्दा अलङ्कार काव्यको एउटा शोभाकारक तत्त्व भएको र यसले काव्यमा कलात्मकता र मार्मिकता थप्ने तथ्य स्पष्ट छ । यसर्थ अलङ्कारका कोणबाट पनि सुलोचना (२००२) महाकाव्यको पर्यालोचन गर्नु सान्दर्भिक देखिएकाले प्रस्तुत कृतिको निम्नलिखित आधारमा अलङ्कार पहिचान तथा टिपोट गरी तिनको वर्णन, व्याख्या तथा विश्लेषण गरिएको छ :

## शब्दालङ्कारको प्रयोग

शब्द प्रयोगमा सौन्दर्य र चमत्कार भयो भने शब्दालङ्कार हुन्छ (थापा, २०४७, पृ.२६२) । यसले कृतिमा चमत्कृति प्रदान गर्दछ र कृति मार्मिक एवम् आस्वाद्य पनि बन्दछ । यसले गरगहना र लाली पाउडरले नारीमा अपूर्व सौन्दर्य पैदा गरेझैं शब्दालङ्कारले पनि कृतिमा अपूर्व सौन्दर्य पैदा गर्दछ । प्रस्तुत अनुसन्धेय कृति सुलोचनामा पनि शब्दालङ्कारको सुन्दर प्रयोग गरिएको छ । एउटा पद्यमा चार चरण हुनुपर्ने शास्त्रीय मान्यता विपरीत कतिपय पद्य ३ चरणका र कतिपय ३० चरणसम्म विस्तारित छन् । भावको ज्वारभाटा उठेका बेला एउटै पद्यले लामो आयातन लिएको देखापर्दछ । यस्ता पद्यहरूमा नै अन्त्यानुप्रासीयताको त्यति निर्वाह गरिएको देखापर्दैन । चतुश्चरणीय पद्यमा भने अन्त्यानुप्रासको सुन्दर प्रस्तुति फेलापर्दछ । अनुप्रासका केही उपभेद तथा यमकका उदाहरणहरू निम्नलिखित छन् :

### छेकानुप्रास अलङ्कार

एकथरी शब्दको जोडी एक ठाउँमा मिलेर अर्को त्यही शब्दको जोडी अर्को ठाउँमा मिलेमा छेकानुप्रास शब्दालङ्कार हुन्छ (पन्त, २०५६, पृ.९) । यस्तो अनुप्रास उपयोग गरिएको एउटा पद्य यस्तो छ :

जिन्दगीको विनाकाँढा फूल फुल्नु वसन्तले

रङ्गको ढङ्गको आर्कै मञ्जरीको मिठासका ॥ (सुलोचना, अध्याय ३/श्लो. ९)

प्रस्तुत श्लोकमध्ये दोस्रो चरणमा **'ङ\ग'** वर्णको एकपटक पुनरावृत्ति भएकाले यसमा छेकानुप्रासको सुन्दर समायोजन भएको छ ।

**श्रुत्यनुप्रास अलङ्कार**

एउटै स्थानबाट उच्चारण हुने वर्णको बारबार प्रयोग हुँदा श्रुत्यनुप्रास अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.१२) । यस्तो अनुप्रास उपयोग गरिएको एउटा पद्य निम्नलिखित छ :

आँखाले प्रेमका दाना गिराए मृदु प्राकृत
नबोलेको अझैसम्म प्रेम रङ्ग लिँदो नयाँ
रसाई दूर छुट्टिए दोटा ताराअघि सुनाउन ॥ (सुलोचना, अध्याय १३ / श्लो.५०)

माथि उल्लिखित पद्यको पहिलो पङ्क्तिमा एउटै स्थानका क्रमशः ख्, ग्, क् दोस्रामा ग् र तेस्रामा घ् वर्णहरू उपयोग भएका छन् । यसरी एउटै कण्ठ स्थानका वर्णहरू आवृत्त भई तिनले पद्यमा श्रुतिमधुरता पैदा गरेका छन् ।

**वृत्यनुप्रास अलङ्कार**

एउटै वर्ण वा पदहरू दोहोरिएर आउँदा वृत्यनुप्रास अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.१०) । यसमा प्रयोग भएको वृत्यनुप्रासको एउटा उदाहरण यस्तो छ :

असीमाकाशैमा छतसरि निलो रत्नहरूको
झझल् झल्झल् पारी जललव झझल्केसरि निको
महादानी प्रेमी टलपल टपल् पल् पलपल
छ  हेर्दा जो सारा हृदय रचना यो झलमल ॥ (सुलोचना, अध्याय ४/श्लो. ३९)

माथि उल्लिखित पद्यमा छ, ज्, झ् वर्णहरूको प्रयोगले श्रुत्यनुप्रास सृजना गरेको छ भने ल्वर्णहरूको पटक पटक आवृत्ति हुँदा यसले वृत्यनुप्रास अलङ्कार सृजना हुन पुगेको छ ।

**अन्त्यानुप्रास अलङ्कार**

प्रत्येक हरफको अन्त्यमा गरिने समान वर्णको पुनरावृत्तिबाट अन्त्यानुप्रास हुन्छ (श्रेष्ठ, २०५४, पृ.११७) । यसरी हेर्दा उनका हरेक श्लोकमा अन्त्यानुप्रासको पनि सुन्दर संयोजन गरिएको पाइन्छ । प्रायः ती अत्यन्त सरल र सुबोध रहेका छन् र कतिपय गजलका मतलाजस्तै आभास दिने प्रकृतिका पनि छन् । ती भावबोधमा पनि निकै सहायक बनेका पनि देखिन्छन् । एउटा उदाहरण यस्तो छ :

लाल लाल शरमी छ मुहार
जित्न आजकन यत्न हजार ।
साथ बल्ल बहुबार फरक्क
फर्किइ नजर हुन्छ तरक्क ॥ (सुलोचना, अध्याय ४/श्लो.४४)

यसमा मुहार-हजार, फरक्क-तरक्क शब्दले शिल्प सौन्दर्य सृजना गरी काव्यमा चमत्कृति प्रदान गरेको छ । अधिकांश कविताहरू सामुद्रिक सुनामी उठेझैं भावको ज्वारभाटा उठेका कारण अन्त्यानुप्रासविहीन बन्न पुगेका छन् । जति ठाउँमा कथाले मन्दगति लिएको छ । ती कवितामा अन्त्यानुप्रासबाट कलात्मक सौन्दर्य सृजना हुन पुगेको छ ।

### यमक अलङ्कार

उही क्रममा भिन्न अर्थ भएका स्वर र व्यञ्जनको पुनरावृत्ति हुँदा यमक अलङ्कार हुन्छ (शर्मा र लुइँटेल, २०६१, पृ.६६) । प्रस्तुत कृतिबाट एउटा उदाहरण हेर्न सकिन्छ :

शहरहरूका सुन्दर सार विविध कलाका मूलप्रसार (सुलोचना, अध्याय १/श्लो.२१)

प्रस्तुत पद्यको एउटा चरणमा सार-प्रसार शब्द प्रयोग गरिएको छ । सार शब्द दोहोरिएर आई पद्यमा श्रवणीयता थपिएको छ । यसरी सार र प्रसारमा सार शब्द प्रसारसँग दोहोरिँदा यमक अलङ्कार सृजना हुन पुगेको छ । अर्को एउटा पद्य निम्नलिखित छ :

यहाँ दोधारमा धार काट्नेछ मृदु जीवन
विश्व सारा रुवाएर चाँडै उत्तर पाउँला ॥ (सुलोचना, अध्याय ६/श्लो.७०)

माथि उल्लिखित पद्यमा 'दोधार र धार'मा धारको धारिलोपन, कुनै वस्तुको रेखा वा किनारा, वाद आदि धेरै अर्थ हुन्छ । उक्त धारपदका सुरुतिर 'दो' जाडिएपछि त्यसले दुई धारको बिच, यो धार कि ऊ धार हुने अवस्था, दोमन आदि फरक अर्थ प्रकट गरेकाले यसमा यमक अलङ्कार रहेको छ ।

## अर्थालङ्कारको प्रयोग

शब्दको अर्थमा मात्र सौन्दर्य र चमत्कार सिर्जना हुँदा अर्थालङ्कार हुन्छ (थापा, २०४७, पृ. २६३) । अर्थमा चमत्कृति पैदा गरी काव्यमा माधुर्य सृजना गर्नमा अर्थालङ्कार निकै उपयोगी हुन्छ । अनुसन्धेय कृतिमा पहिचान भएका केही अर्थालङ्कारहरू निम्नलिखित छन् :

### उपमा अलङ्कार

दुई व्यक्ति वा वस्तु (उपमान र उपमेय) को सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ (शर्मा र लुइँटेल, २०६१, पृ.६४) । महाकवि देवकोटा उपमाको प्रयोगद्वारा पाठकीय प्रभाव सृजना गर्नमा निकै सफल देखापर्दछन् । उनका कतिपय कवितामा मालोपमाको झल्को पाउन सकिन्छ । यसका प्रशस्त उदाहरणहरूमध्ये एउटा उदाहरण यस्तो छ :

माउरीझैं प्रजा लागे मह काट्न वसन्तको
चाका समान घरले पुरी बन्थिन् मनोहर ॥ (सुलोचना, अध्याय २/पृ.२१)

माथि उल्लिखित पद्यको पहिलो पाउमा उपमानका रूपमा माहुरी, उपमेयमा प्रजा, समान धर्म वसन्तको मह काढ्नु र सादृश्यवाचक शब्दझैं प्रस्तुत भएको छ । त्यस्तै दोस्रो पाउमा उपमान चाका, उपमेय घर, समान धर्म मनोहर र सादृश्यवाचक शब्द समान प्रयोग गरिएको छ । यसर्थ दुवै पाउमा पूर्णोपमा अलङ्कार प्रयोग भएको स्पष्ट देखिन्छ ।

### मालोपमा अलङ्कार

एकपछि अर्को गर्दै क्रमशः आउने अलङ्कारलाई मालोपमा अलङ्कार भनिन्छ (कोइराला, २०७०, पृ. १३२) । यो अलङ्कारको संयोजन रहेको एउटा पद्य निम्नलिखित छ :

कहिले जूनझैं चम्की कहिले वायुझैं चली
कहिले कम्पिँदै मानो पालुवाझैं बतासमा
कहिले शीतका थोपा झल्किएझैं प्रसूनमा
कहिले फूलको ओठ लिएजस्तो सुगन्धले (सुलोचना, अध्याय ३/श्लो.४८)

माथिको पद्यमा जून, वायु, पालुवा, शीतका थोपा हुँदै सुगन्धले फूलको ओठ लिएजस्तै गरी निश्चित नभए पनि एकपछि अर्को गर्दै सुलोचनाका मनोभावहरू तरङ्गित भइरहेको हुँदा यसमा मालोपमा अलङ्कार रहेको प्रतीत हुन्छ ।

**रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ (शर्मा र लुइँटेल, २०६१, पृ.६६) । कवितामा व्यङ्ग्य सृष्टि गर्नमा रूपकको उल्लेख्य भूमिका हुने गर्दछ । रूपक प्रयोगका दृष्टिले सुलोचना महाकाव्य निकै सबल र सशक्त बनेको देखापर्दछ । उनका केही कविता हेरौं :

जिन्दगी भन्दथ्यो पैह्ले काँडा शून्य गुलाफको
सुगन्ध हो, उज्यालो हो अँध्यारो पछिको कुनै ।
निर्माण हो नयाँ मीठा रोमाञ्चहरूको नयाँ
आनन्दको महल हो कलाका नाममा सधैं ॥ (सुलोचना, अध्याय १३/ श्लो. १४)

यसमा जीवन र काँडाशून्य गुलाफको सुगन्ध, अँध्यारो पछिको उज्यालो, कुनै निर्माण, मिठो रोमाञ्च एवम् आनन्दको महल भनेर अभेद सम्बन्ध देखाइएको छ । यसर्थ यहाँ रूपक अलङ्कार रहेको देखापर्दछ । तल उल्लिखित पद्यमा यसको सुन्दर प्रयोग यसरी गरिएको छ :

स्वर्ग नै मातृभूमि हो, मुक्ति हो बलिदान नै
धर्म हो उनकै सेवा पुण्य हो त्यसको फल ॥ (सुलोचना, अध्याय ४/श्लो. १३)

मातृभूमि र स्वर्ग, मुक्ति र बलिदान, धर्म र सेवा तथा पुण्य र फलका बीच अर्थात् उपमान र उपमेयका बीच अभेदारोप गरिएको हुँदा रूपक अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**उत्प्रेक्षा अलङ्कार**

एक प्रकारको वस्तु (उपमेय) मा अर्को प्रकारको वस्तु (उपमान) को सम्भावना देखाउँदा उत्प्रेक्षा अलङ्कार हुने गर्दछ (श्रेष्ठ, २०५४, पृ. १२२) । यसमा उपमेय नै उपमानको हो कि भन्ने सम्भावना देखाइएको हुन्छ । यस अलङ्कारको सुन्दर प्रयोग गरिएका केही पद्यहरू निम्नलिखित छन् :

पोशाक पनि राम्रा छन् मानौं शहरकी सुता
थोरै दिन त्यहाँ बस्न आएकी झैं यसो यता । (सुलोचना, अध्याय १२/श्लो. २०)

मानौं हृदयको स्वर्ग त्यहाँ सूचित बन्दथ्यो
मानौं घर थियो सच्चा कच्चा बनोटको

कलात्मक, कुनै नित्य भावना आँसुदारको
छाया साफल्यको जस्तो नमुनाझैँ मिठासको ॥ (सुलोचना, अध्याय १३/श्लो. १२)

प्रस्तुत दुई पद्यमध्ये पहिलामा सुलोचनामा सहरकी सुता, दोस्रामा देहमा हृदयको स्वर्ग र कलात्मक बनोटको कच्चा घर तथा भावनामा आँसुदार छायाको सम्भावना देखाइएको हुँदा यसमा उत्प्रेक्षा अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**समासोक्ति अलङ्कार**

समान विशेषणका कारण प्रस्तुत अर्थबाट अप्रस्तुत अर्थको प्रकाशन हुनुलाई समासोक्ति अलङ्कार भनिन्छ (पन्त, २०५६, पृ.६०) । समासोक्तिको सुन्दर प्रयोग गरिएको एउटा उदाहरण पनि हेरौँ :

एक नै पटक फुल्छ गुलाफ
पाउँदा किरणको मृदु राप ।
कोपिला कुसुम हुन्न पछाडि
काल झर्छ बरु विश्व अगाडि ॥ (सुलोचना, अध्याय ७/श्लो. ५७)

प्रस्तुत कोपिला र फूलको वर्णनबाट अप्रस्तुत सुलोचनाले एकपटक अनङ्गसँग प्रेम गरिसकेपछि पुनः अर्कासँग गर्न नसक्ने वर्णन गरिएको हुँदा यसमा समासोक्ति अलङ्कार रहेको देखापर्दछ ।

**स्वभावोक्ति अलङ्कार**

स्वाभाविक कथनबाट स्वभावोक्ति अलङ्कार हुन्छ (थापा, २०५०, पृ.२७६) । समसामयिक जीवनजगत्लाई यथार्थपरक ढङ्गमा अभिव्यक्त गर्दा स्वभावोक्ति अलङ्कारको सृष्टि हुन पुग्दछ । यसमा कुनै पनि वस्तु वा प्राणीको मिल्दो वा सुहाउँदो वर्णन हुन्छ । प्रस्तुत महाकाव्यको तल उल्लिखित पद्यमा यसको सुन्दर प्रस्तुति फेलापर्दछ :

धपेडीले हुने प्यास मेट्न त्यो ओर्लिंदो मृग
चनाखा नेत्र पारेर सुस्ताई पदको गति
कान ठाडा घुमाएर चट्ट फर्की बराबर
धकाई दुष्ट डरले खोक्दो उग्राइने मुना ॥ (सुलोचना, अध्याय २/ श्लो. १२)

उल्लिखित पद्यमा मृगले सिंह, बाघ, चितुवा आदि हिंस्रक जन्तुबाट हुन सक्ने आक्रमणप्रति सचेत र सावधान हुँदै पानी पिउन नदीतिर झर्दै गरेको स्थितिको स्वाभाविक वर्णन गरिएको छ । मृगका मनोरचना र तज्जन्य शारीरिक हाउभाउको यथार्थपरक वर्णन गरिएको हुँदा यसमा स्वभावोक्ति अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**अतिशयोक्ति अलङ्कार**

कुनै विषय (उपमेय) का बारेमा बढाइ चढाइ गरेर रमणीय पाराले वर्णन गर्दा उत्पन्न हुने अर्थालङ्कारलाई अतिशयोक्ति अलङ्कार भनिन्छ (श्रेष्ठ, २०५४, पृ. १२३ ) । उनका कतिपय पद्यमा अतिशयोक्ति अलङ्कारको प्राचुर्य रहेको पाइन्छ । यसको एउटा उदाहरण यस्तो छ :

दाह्रा किटेर बोल्छन् ती, लै ले खै त्यो नकच्चरी
नाककान दुवै काटी गुण्डासँग पठाउँछु ।

वेश्ये कहाँ छ त्यो रण्डी घरबाट निकालिदे
बट्टा इज्जतमा लाई रण्डी हुन्छे कहाँ हिँडी ? ॥ (सुलोचना, अध्याय ४/श्लो. ६४)

उल्लिखित पद्यमा शत्रुमर्दनले पहिले मित्र अहिले शत्रु बनेका वासुदेवका छोरा अनङ्गसँग भाग्न लागेको थाहा पाएपछि छोरी सुलोचनासँग क्रुद्ध हुँदै उनलाई लगाएको आक्षेप, निन्दा र घृणायुक्त वाणीमा अतिशयोक्ति अलङ्कार रहेको छ ।

**दृष्टान्त अलङ्कार**

उपमेय र उपमानमा साधारण धर्म विम्ब-प्रतिविम्ब भावमा व्यक्त भएमा दृष्टान्त अलङ्कार हुन्छ (श्रेष्ठ, २०५४, पृ.१२३) यसमा एउटा वाक्यको छाया अर्को वाक्यमा पर्दा यो अलङ्कारको सृजना हुन्छ । तल उल्लिखित पद्यमा दृष्टान्त अलङ्कारको सुन्दर संयोजन रहेको पाइन्छ :

जसका सपना बन्छन् राजाका नगरीहरू
अपूर्ण, अल्प कक्षामा प्रतिभाका प्रकाशझैँ ॥ (सुलोचना, अध्याय.२/श्लो.९)

राजाका नगरीहरू सपना बन्छन् भन्ने कथनको समर्थनमा साना कक्षामा प्रकाश रूपी प्रतिभाहरू विद्यमान रहने कथन आएकाले यसमा दृष्टान्त अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**सङ्कर अलङ्कार**

दूध र पानी छुट्याउन नसकिएझैं संयोग भएर रहेका विभिन्न अलङ्कारहरूलाई अलग्ग छुट्याउन नसकिने अवस्था रहेमा सङ्कर अलङ्कार हुन्छ (थापा, २०५०, पृ. २८४) । सुलोचना महाकाव्यका धेरै पद्यहरूमा सङ्कर अलङ्कार रहेको छ । यसको एउटा उदाहरण हेरौं :

आँखा पिर्लिक्क पल्टाई, भिजेको लमकोस यो
मानो फिरादझैँ चोसा स्वर्गको प्रभुतातिर ॥ (सुलोचना, अध्याय २/श्लो.१९)

प्रस्तुत पद्यमा उत्प्रेक्षा र रूपक अलङ्कार नछुट्टिने गरी टाँसिएर आएकाले सङ्कर अलङ्कार रहेको छ ।

**अधिक अलङ्कार**

आधारको भन्दा आधेयको आधिक्य विस्तार गरिएको अलङ्कारलाई अधिक अलङ्कार भनिन्छ (पन्त, २०५६, पृ.७८)। यो अलङ्कार प्रयोग भएको एउटा पद्य निम्नलिखित छ :

स्त्रीको सारा सबै दिव्य भव्य माधुर्यले भरी
आकारिएझैँ देखिन्छिन् माता स्वच्छ मृगोपरि ॥ (सुलोचना, अध्याय २/श्लो. ४४)

उपर्युक्त पद्यमा देवीको दिव्य सौन्दर्य र माधुर्यले अत्यधिक व्यापकता बढ्दै गएको वर्णन छ । यसरी माता देवीको शक्ति बढ्दै गएको वर्णन गरिएको हुँदा यसमा अधिक अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**परिकर अलङ्कार**

विशेषण पदहरू साभिप्राय भएर प्रस्तुत भएमा परिकर अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.६१) । यसमा प्रकृति, दुष्टमर्दन सिंह, सुलोचना, अनङ्ग आदिको प्रशंसा वा अवस्थाको विशेषणयुक्त वर्णन गरिएका धेरै ठाउँमा परिकर अलङ्कार प्रस्तुत भएको देखापर्दछ । परिकर अलङ्कार प्रयोग भएको एउटा पद्य यस्तो छ :

शान्तसाफल्यमा सुत्थिन् प्रशस्त घन स्वप्निल
पृथिवी कोरिए जस्ती बाटिएझैं सफा गरी
शस्य श्यामल सौन्दर्य कष्टमाधुर्य दर्शिनी
स्वर्गकी बहिनीजस्ती मनुष्यहरू खर्चिने ॥ (सुलोचना, अध्याय १२/श्लो.१६)

उल्लिखित पद्यमा शान्त, सफलतायुक्त, सफासँग कोरिएको र बाटिएको, धान फलेर लटरम्म परेको, सुन्दर देखिने, मानिसहरूले धन, बल र शौर्य खर्चिने अनि स्वर्गकी बहिनीजस्ती भनेर विभिन्न विशेषणयुक्त पदपदावलीद्वारा साभिप्राय पृथिवीको महिमा वर्णन गरिएकाले यसमा परिकर अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**परिकराङ्कुर अलङ्कार**

विशेष्य पदहरू साभिप्राय भएर प्रस्तुत भएमा परिकराङ्कुर अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.६२) । यसमा प्रकृति तथा नायक, नायिका र खलपात्रहरूको विशेष्य पदपदावलीहरूको प्रयोग गरिएको छ । एउटा उदाहरण तल उल्लेख गरिएको छ :

मेरी संसारकी ज्योति मेरी पूजा विकासकी
सपना, तारका मेरी, मेरी आँखा प्रकाशकी
मेरी स्वर्ग, कणा मेरी मौन एकान्तकी जल ॥ (सुलोचना, अध्याय ६/श्लो. ७२)

उल्लिखित पद्यमा ज्योति, पूजा, सपना, तारका, आँखा, आशा, उषा, स्वर्ग, मौन र जल पदहरू सुलोचनाकै साभिप्राय विशेष्य बनेर प्रस्तुत छन् । यसर्थ यहाँ परिकराङ्कुर अलङ्कार रहेको देखापर्दछ ।

**श्लेष अलङ्कार**

प्रस्तुत अप्रस्तुत दुवैमा लाग्ने द्व्यर्थी शब्दको प्रयोग नै श्लेष हो (पन्त, २०५६, पृ.६३) । यसलाई साहित्य दर्पणकार विश्वनाथले शब्दालङ्कारका रूपमा मात्र लिएको भए पनि कुवलयानन्दका लेखकले अर्थश्लेष पनि हुने उल्लेख (पन्त, पूर्ववत्) गरेका छन् । श्लेष अर्थालङ्कार पर्न गएको एउटा सरल पद्यांश यस्तो छ :

उनी जाई थुँगा पार्थिन् राम्रा राम्रा उनीकन
सियो धागो लिई आई बगैँचामा वसन्तको ॥ (सुलोचना, अध्याय ३/श्लो.५)

माथिको पद्यांशमा सुलोचनाले वसन्तको बगैँचामा आएर जाई फूलको थुँगा पारी सियो धागोले उन्ने गरेको सोझो वर्णन छ । यसमा बगैँचामा आएर अनङ्गसँग प्रेमाङ्कुरण गर्ने र यसलाई मलजल गरी फुलाउने गर्थिन् भन्ने भाव पनि प्रस्तुत भएको हुँदा यसमा श्लेष अलङ्कार पर्न गएको छ । अर्को एउटा उदाहरण पनि हेरौं :

भन्दथिन् तब सबैसँग तारा, 'यो जगत्अघि लुकाउनुपर्छ ।
नत्र आँधिहरू छुट्छ कठोर, पुष्पको दिल चुँडी जुनि मर्छ' ॥(सुलोचना, अध्याय ७/श्लो. ३५)

उल्लिखित पद्यमा अभिधा पछि पुष्पको दिलले सुलोचनाको जीवन, आँधीले शत्रुमर्दनको निर्दयी कठोर निर्णयले जुनी मर्छले सुलोचनाको जीवनले जिउँदै मृत्यु वरण गरे सरह हुन्छ भन्ने अर्को अर्थ प्रकट गरेको हुँदा श्लेष अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**काव्यलिङ्ग अलङ्कार**

समर्थन गर्नुपर्ने अर्थलाई समर्थन गर्दा उत्पन्न हुने अर्थालङ्कारलाई काव्यलिङ्ग अलङ्कार भनिन्छ (पन्त, २०५६, पृ.८५) । यस अलङ्कारमा आधारित एउटा पद्य निम्नलिखित छ :

जहाँ हाँगा बनी दोटा बग्दथिन् पर्वते जल
बीचमा बालुवा राखी सेतो थुप्रो दुवैतिर (सुलोचना, अध्याय २/श्लो. १०)

माथि उल्लिखित पद्यमा नदीमा भँगालो फाटेर जल दुवैतिर बगिरहेको र ती दुवैतिर बगिरहेको जलहरूका बीचमा बालुवाको सेतो थुप्रोले छुट्टै शोभा थपिदिएको उल्लेख छ । माथिल्लो दुईतिर बगिरहेको नदीका भँगालालाई बीचमा रहेको थुप्राले दुवैतिर भएर बग्न समर्थन गरिरहेको देखाइएकाले यसमा काव्यलिङ्ग अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**व्याजस्तुति अलङ्कार**

निन्दा र स्तुति वाच्य भएर स्तुति र निन्दा व्यङ्ग्य हुन आएमा दुई व्याजस्तुति र व्याजनिन्दा अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.६८) । यस काव्यमा व्याजनिन्दा अलङ्कार रहेको पाइन्छ । जस्तै :

स्वर्गमा गर्दछन् के के ? अप्सरा नै नचाउँछन् ।
प्याला प्यूँछन् अमृतका विलासहरू जोड्दछन्
यही हो दिव्य आदर्श खानु प्यूनु र गाउनु,
नाच्नु सारा नचाएर आनन्दकन नित्यझैँ
पार्नु, चाँडै रिसाएर सातो लिनु नपस्रिनु ॥ (सुलोचना, अध्याय ३, श्लो. ३४)

माथि उल्लिखित पद्यमा देवताहरूले अप्सरा नचाउने अमृतका प्याला पिउने, विलास जोड्ने, खाने पिउने र नाच्ने आदि गर्नु हो भनेर पहिले स्तुति गरेजस्तो गरेर निन्दा गरिएकाले यसमा व्याजस्तुति अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**विचित्र अलङ्कार**

विरुद्ध कार्यबाट पनि चिताउने कुरा पुऱ्याउने वयान गरिँदा उत्पन्न हुने अलङ्कारलाई विचित्र अलङ्कार भनिन्छ (पन्त, २०५६, पृ.७७) । प्रस्तुत अलङ्कार प्रयोग भएको एउटा उदाहरण हेरौँ :

जाने बाटो नदी हाम्रो बगैँचाले थुनीदियो
हाम्रो सौभाग्य झन् आज डबल् सौभाग्यझैँ भयो ॥ (सुलोचना, अध्याय ३/श्लो.७१)

प्रस्तुत पद्यमा पहिले हिँड्ने बाटामा पर्खाल लगाइएकाले नायक अनङ्ग फर्कन्छन् तब उनको भेट सुलोचनासँग हुन्छ । यसरी अचानक हुन पुगेको भेटलाई नायिकाले डबल सौभाग्य बढेको प्रत्युत्तर दिएकी छन् । यस्तो विरुद्ध कार्यबाट मिलन रूपी चिताएको कुरा प्राप्त भएकाले यसमा विचित्र अलङ्कार रहेको देखापर्दछ ।

**अनुमान अलङ्कार**

कुनै व्यापक सिद्धान्तको साधनबाट ज्ञान हुनुलाई अनुमान अलङ्कार भनिन्छ (पन्त, २०५६, पृ.८६)। तर्कशास्त्रमा यत्रयत्र धूमस्तत्रतत्र वह्निः अर्थात् जहाँ जहाँ धुवाँ छ त्यहाँ त्यहाँ आगो हुन्छ । अर्थात् धुवाँबाट आगो विद्यमान रहेको बुझ्न सकिन्छ भन्ने मान्यता रहेको छ । यसैअनुसार नै प्रस्तुत महाकाव्यका केही पद्यहरूमा अनुमान अलङ्कार रहेको देखापर्दछ । तीमध्ये एउटा उदाहरण तल दिइएको छ :

माथि कुक्कुर भुकीकन खालि को रहेछ किन भुक्तछ भन्दी
ओर्हिर्लएँ तल यसो अनि द्वार खोलिहेर्छु अरू छैन कि क्यार ॥ (सुलोचना, अध्याय ३/श्ला)५४.

यहाँ रात्रिकालमा कुक्कुर भुकेको सङ्केतबाट चोर आएको वा अन्य कुनै घटना भएको अनुमान गरिएकाले यसमा अनुमान अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**उत्तर अलङ्कार**

प्रश्नको उत्तरद्वारा उन्नति वा अवनति बुझाउन खोजिँदा उत्तर अलङ्कार हुने गर्छ (पन्त, २०५६, पृ.१०२) । यसमा उत्तर अलङ्कारहरू प्रशस्तै फेला पर्दछन् । तीमध्ये काव्यको अन्तिम विश्रान्तिमा रहेको एउटा उदाहरण यस्तो छ :

कवि बन्दै खराबी के ? आफ्नो आनन्द सिर्जनु
मीठा मस्त कुराभित्र घुस्नु आनन्द पाउनु
आनन्द पहिलो खोज आखिरी अन्त खोजको
आनन्द पाइयो जेमा त्यहीँ स्वर्ग त्यहीँ सुख
त्यही सत्य त्यही नित्य भन्छन् तिमिर मर्दन ॥ (सुलोचना, अध्याय ३/श्लो.३२)

माथिको पद्यांशमा कवि बन्नु खराबी हो र भन्ने प्रश्न गरी उत्तरका रूपमा खराबी होइन बरु आनन्द सिर्जनु, मिठा कुरामा घुस्नु, आनन्द पाउनु र त्यसको खोजीमा क्रियाशील हुनु अनि जेमा आनन्द मिल्छ त्यही सुख, स्वर्ग र सत्य पनि हुने भाव व्यक्त गरिएकाले यसमा उत्तर अलङ्कार रहेको पुष्टि हुन्छ ।

**अर्थान्तरन्यास अलङ्कार**

एउटा कथनलाई अर्को कथनद्वारा समर्थन गर्दा उत्पन्न हुने अर्थालङ्कारलाई अर्थान्तरन्यास अलङ्कार भनिन्छ (श्रेष्ठ, २०५४, पृ.६६)। यसमा अघिल्लो कथनलाई पछिल्लो कथनद्वारा समर्थन गरिएको हुन्छ ।

उनी भन्थिन्, "मेरो हृदय सब रित्तो हुन गयो"
उनी भन्थिन्, "मेरो हृदय अब भित्तो पुगिगयो ।" (सुलोचना, अध्याय ९, श्लो. ११९)

उल्लिखित पद्यको पहिलो पाउमा विजुलीले आफ्नो हृदय अर्थात् जीवन रित्तो हुन पुगेको बताइरहँदा त्यसैको समर्थन गर्दै दोस्रा पाउमा सुलोचनाले पनि आफ्नो हृदय अन्तिम भित्तो अर्थात् शवको रूपमा परिणत भएको हुँदा यसमा अर्थान्तरन्यास अलङ्कार रहेको छ ।

**कारकदीपक अलङ्कार**

कर्तासँग अनेक क्रिया अन्वित हुँदा उत्पन्न हुने अलङ्कारलाई कारकदीपक अलङ्कार भनिन्छ (दीक्षित, सन् १९०३, पृ.१००) । सुलोचनामा उत्पन्न अलङ्कार यहाँ अवलोकन गरौँ :

जूनकीरीहरू भन्थे स्वर्गका हाँस्दथे सधैँ
खेल्दथे बोल्दथे, चल्थे जिउँदा अङ्गका छिटा ॥ (सुलोचना, अध्याय ३/ श्लो.७)

उपर्युक्त पद्यमा जूनकीरी एउटा कारकसँग भन्थे, हाँस्दथे, खेल्दथे, बोल्दथे र चल्थे क्रियापद अन्वित भएकाले कारकदीपक अलङ्कार रहेको देखापर्दछ ।

**छेकोक्ति अलङ्कार**

कुनै गूढ अर्थको प्रतीतिका लागि लोकोक्तिलाई प्रयोग गर्दा उत्पन्न हुने अर्थालङ्कारलाई छेकोक्ति अलङ्कार भनिन्छ (दीक्षित, सन्१९०३, पृ.१३२) । यस अलङ्कारको संयोजन गरिएको एउटा पद्य निम्नलिखित छ :

मनुष्य पशुको भेद सभ्य शृङ्गार सुन्दर
पोशाकबाट जाँचिन्छ देशको ढङ्ग गौरव ॥
अनङ्ग भन्दथे हाम्रो केको रीस छ राग छ ?
उदारचरितानां तु बसुधैवकुटुम्बकम् ॥ (सुलोचना, अध्याय ३/ श्लो. १७)

उल्लिखित पद्यमा रिसराग वैमनस्य र सङ्कीर्ण विचार नभएका मान्छेका लागि संसारका सबै मान्छे मित्र हुन्छन् भन्ने गूढ अर्थ प्रतीतिका लागि संस्कृतमा प्रसिद्ध लोककथन उपयोग गरिएकाले छेकोक्ति अलङ्कार रहेको छ ।

**प्रेय अलङ्कार**

रत्यादि भावहरूको अङ्गित्व भाव हुन [अलङ्कारलाई प्रेय अलङ्कार भनिन्छ (पन्त, २०५६, पृ.११६) । यसमा आधारित एउटा पद्य यस्तो छ :

"चिनेँ मैले सुनेँ मैले, बुझेँ मैले लिएँ सब
पुजारी हूँ सदा भक्त प्रतिज्ञा गर्छु नै अब" ॥ (सुलोचना, अध्याय १७/श्लो.)

प्रस्तुत पद्यमा संयोग शृङ्गार रस अङ्गी बनेर प्रस्तुत भएको हुँदा प्रेय अलङ्कार रहेको छ ।

**स्मरण अलङ्कार**

उपमानको भानले उपमेयको सम्झना भएमा स्मरण अलङ्कार हुन्छ (पन्त, २०६५, पृ.३६) । प्रस्तुत काव्यका धेरै पद्यहरूमा रहेका स्मरण अलङ्कारमध्ये एउटा निम्नलिखित छ :

अब थिइन् जननी गहमा जली
हृदयका सब दुष्ट कुशासन
डसिनझैँ स्मृतिमा भरिए त्यहाँ
कुसुम झैँ दुहिता अघि घाटमा ॥ (सुलोचना, अध्याय १५/श्लो.१९)

आर्यघाट यहाँ उपमान बनेर छोरीमाथि गरेका दवाबपूर्ण घटनाहरू आमाले सम्झिएकी हुँदा यहाँ स्मरण अलङ्कार रहेको देखापर्दछ ।

**विनोक्ति अलङ्कार**

कुनै कुराको अभावमा प्रस्तुत विषय राम्रो वा नराम्रो वयान गरिएमा विनाअलङ्कार हुन्छ (पन्तः २०५६, पृ.५९) कुनै कुराको अभावले प्रस्तुत विषयमा हीनताबोध पैदा हुँदा विनोक्ति अलङ्कार हुन्छ । प्रस्तुत अनुसन्धेय कृतिका धेरै पद्यहरूमा यो अलङ्कार रहेको फेलापर्दछ । एउटा उदाहरण हेरौं :

विना फल विनाफूल वसन्त वनमा त्यसै
झोक्राएर रुँदै बस्ने लहराझैं विषादको ॥ (सुलोचना, अध्याय २/श्लो. ११०)

उल्लिखित पद्यमा वसन्त ऋतुमा पनि फल, फूल नलागी त्यसै लहराएर बस्नुपर्दा विषाद वा हीनताको भाव पैदा भएको वर्णन छ भने अर्कातिर दुष्टमर्दनकी पत्नी उर्मिला कुनै सन्तान नहुँदा दुःखी भएको वर्णन रहेकाले यसमा विनोक्ति अलङ्कार रहेको छ । साथै प्रकृति र जीवन दुई फरक प्रसङ्ग जनाएकाले यसमा श्लेष अलङ्कार पनि रहेको छ । दुई अलङ्कारको सम्मिलन भएकाले यहाँ सङ्कर अलङ्कार पनि रहेको देखापर्दछ ।

**सहोक्ति अलङ्कार**

सह शब्दको अर्थका बलले उपमान र उपमेय दुवैलाई बुझाएमा सहोक्ति अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.५८) । सहृदयलाई आनन्द दिने किसिमको सहभाव सुहाउँदो हुँदा यो अलङ्कार हुन्छ । प्रस्तुत काव्यमा सहोक्ति अलङ्कार रहेको एउटा पद्य निम्नलिखित छ :

उज्याला ग्रीष्मका आए जोशिला, नव बादल
उठाउलान् भनेजस्ता संगीतसित जीवन ॥ (सुलोचना, अध्याय ३/श्लोक ९)

उल्लिखित पद्यमा सह शब्दको पर्यायवाची सित शब्दको प्रयोग गरिएको छ । यसले उपमान बादलसँग उपमेय अनङ्गका जीवनका बीच साहचर्य सम्बन्ध रहेको देखाएकाले यसमा सहोक्ति अलङ्कार रहेको छ ।

**विरोधाभास अलङ्कार**

विरोधको आभास परिहारयुक्त भएमा विरोधाभास अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.७१) । विरोधाभासयुक्त भाव रहेको एउटा पद्य निम्नलिखित छ :

तिनको जिन्दगीलाई मेट्न खोज्थ्यो निराशले
तर ती बलियी बाङ्गी ज्यूँदथिन् नव्य आसले ॥ (सुलोचना, अध्याय ८/ श्लो. १०८)

उल्लिखित पद्यमा निराशाले जिन्दगीलाई मेट्न खोज्दा अर्थात् जीवनप्रतिको लालसा हराएर मृत्युबोधी चेतना पैदा हुने स्थिति भए पनि त्यसलाई हावी हुन नदिएर नयाँ आशा पनि सँगै पलाउने गरेको वर्णन छ । जीवनप्रति विरोधीभाव पैदा भए पनि त्यसलाई नयाँ आशा पलाएर आएको हुँदा यसमा विरोधाभास अलङ्कार रहेको देखापर्दछ ।

**अन्योन्य अलङ्कार**

दुवै थरीले एउटै कार्यमा पारस्परिक सहयोग गरेको अवस्थामा अन्योन्य अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.७९)। निम्नलिखित पद्यमा यस अलङ्कारको प्रयोग भएको छ :

एक नै पटक फुल्छ गुलाफ
पाउँदा किरणको मृदु राप ।
कोपिला कुसुम हुन्न पछाडि
काल झर्छ बरु विश्व अगाडि ॥ (सुलोचना, अध्याय ७/ श्लो. ५७)

उल्लिखित पद्यमा किरणको मृदुराप पाएपछि कोपिला एकपटक मात्र गुलाफ बन्ने कुरालाई फुलिसकेको फूल विश्व झरे पनि पुनः कोपिला बन्न नसक्ने धारणा व्यक्त गरिएको हुँदा दुवैमा अन्योन्य सहयोगको भावना प्रस्तुत भएको हुँदा यसमा अन्योन्य अलङ्कार रहेको स्पष्ट हुन्छ ।

**सार अलङ्कार**

कुनै पनि वस्तुको उत्कर्ष वा अपकर्ष उत्तरोत्तर भएमा सार अलङ्कार हुन्छ (पन्त, २०५६, पृ.८४) । यसमा आधारित एउटा पद्य निम्नलिखित छ :

घर एक विरक्त झैं भयो जगतै शून्य समान फैलियो
सपना दिलबाट वैलियो मुटुले मूर्च्छित भाव नै लियो ॥ (सुलोचना, अध्याय.९/श्लो.१३)

सुलोचनाको विवाह विलाससिंहसँग छिनिएपछिको अवस्था झनझन विषम हुँदै गएको स्थिति वर्णन गरिएको हुँदा यसमा सार अलङ्कार रहेको छ ।

## निष्कर्ष

अलङ्कारलाई काव्यको शोभा बढाउने धर्मका रूपमा मात्र लिइए पनि कविता काव्यमा यसको प्रयोग अपेक्षित रहने गरेको छ । यसको प्रयोगबाट काव्य गुणात्मक एवम् आस्वाद्य बन्दछ । यसले रसलाई परिपाक अवस्थामा पुऱ्याएर काव्यानन्द प्राप्ति गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले पूर्वीय समालोचनाशास्त्रमा यसलाई कविता काव्यको एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा लिइने गरेको छ । माध्यमिक तहअन्तर्गत कक्षा ११ को ऐच्छिक नेपाली विषयको, त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय तथा पूर्वाञ्चल विश्वविद्यालयहरूका स्नातक तथा स्नातकोत्तर तहका पाठ्यक्रममा समेत अलङ्कार सिद्धान्त समावेश गरिएको छ । सुलोचना (२००२) महाकाव्यलाई स्नातक तहको पाठ्यक्रममा समेत समावेश गरिएको सन्दर्भमा यसमा प्रयोग भएका अलङ्कारयुक्त पद्यहरूलाई उदाहरणका रूपमा उल्लेख गरी अलङ्कार सिद्धान्त शिक्षण गर्दा सिकाइ प्रभावकारी हुन सक्तछ । उदाहरणबाट सिद्धान्त शिक्षण गर्ने आगमनात्मक पद्धति सिकाइका निम्ति निकै उपयोगी हुने तथ्य सिद्ध हुँदै आएको पनि छ । अलङ्कारको उदाहरणसहितको सैद्धान्तिक ज्ञानले काव्यास्वादन गर्न र कविता काव्यहरूमा निहित अलङ्कारको अनुशीलन गर्न चाहनेहरूका लागि पनि थोरै भए पनि यो मार्गचित्र बन्न सक्छ । गुणात्मक विधि अनुसरण गरिएको यस अध्ययनबाट शब्दालङ्कारअन्तर्गत यमक र अनुप्रासका उपभेदअन्तर्गत छेकानुप्रास, वृत्यनुप्रास, श्रुत्यनुप्रास र अन्त्यानुप्रास अलङ्कारको पहिचान गरिएको छ । अर्थालङ्कारअन्तर्गत उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, समासोक्ति, अतिशयोक्ति, स्वभावोक्ति, अर्थान्तरन्यास, सङ्कर, श्लेष, अधिक, परिकर, परिकराङ्कुर, काव्यलिङ्ग, व्याजस्तुति, विचित्र, अनुमान, उत्तर, प्रेय, कारकदीपक, छेकोक्ति, स्मरण, विनोक्ति, सहोक्ति, विरोधाभास, अन्योन्य र सार अलङ्कारको पहिचान गरी तिनलाई उल्लेख गरी व्याख्या विश्लेषणसमेत गरिएको छ । उक्त शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर संयोजनयुक्त प्रयोगबाट कृतिको शैलीशिल्प पक्ष पनि कलात्मक, परिपुष्ट एवम् सबल बन्न पुगेको छ । यसमा उपमा अलङ्कारको अधिकतम प्रयोग गरिएको उदाहरणहरूबाट स्पष्ट

हुन्छ । यसबाट नेपाली साहित्यका महाकवि देवकोटा उपमा अलङ्कार प्रयोगका दृष्टिले सबल देखापर्दछन् । यसमा रूपक, उत्प्रेक्षा, उत्तर अलङ्कारका झ्झाँकीहरू पनि प्रशस्त मात्रामा देखिएका छन् । रसानुकूल भावमा प्रवाहित हुँदै जाँदा अलङ्कारहरूले पनि तिनमा अझ भावमकरन्द थप्न सघाउ पुऱ्याइरहेका छन् । अर्थालङ्कारका सादृश्यमूलक, विरोधमूलक, शृङ्खलाबन्ध, तर्कन्यायमूलक, वाक्यान्यायमूलक, लोकन्यायमूलक, गूढार्थ प्रतीतिमूलकका साथै रसवदादि अलङ्कारका भेदहरू पनि यहाँ फेलापर्नु वस्तुतः यो महाकाव्यको एउटा महत्त्वपूर्ण प्राप्ति हो । यी अलङ्कारहरुको समुचित प्रयोग भएका कारणले सुलोचना महाकाव्य मार्मिक, रसास्वाद्य, सबल र उत्कृष्ट कृति बन्न पुगेको छ ।

## सन्दर्भ सामग्री


अधिकारी, कृष्णराज (२०६०). लक्ष्मीप्रसाद देवकोटाको महाकाव्यको संरचना. [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय ।

कोइराला, धनपति (२०७०). साहित्यशास्त्र र नेपाली समालोचना (द्वितीय संस्करण). शब्दार्थ प्रकाशन ।

कोइराला, धनपति (२०७१). 'अलङ्कारका दृष्टिले अब्बलः उषाअनिरुद्ध महाकाव्य'.पल्लव (८, ८).पृ.१०-३२ ।

खनाल, नारायणप्रसाद (२०५९). कविशिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित ऋतुविचार (१९९२) खण्डकाव्यको अलङ्कार शास्त्रीय अध्ययन. [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय ।

खनाल, नारायणप्रसाद (सम्पा.) (२०७४). शूर्पणखा खण्डकाव्यमाथि अन्तरक्रिया. त्रिवेणी साहित्य परिषद् । गौतम, कृष्ण ( २०५६). देवकोटाका प्रबन्धकाव्य. विद्यार्थी पुस्तक भण्डार ।

जोशी, कुमारबहादुर (२०५२). महाकवि देवकोटा र उनका महाकाव्य. साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०). साहित्य परिचय (चौथो संस्करण). साझा प्रकाशन ।

दण्डी (२०१५). काव्यादर्श. चौखम्बा विद्याभवन ।

दीक्षित, अप्यय (सन् १९०३). कुवलयानन्द कारिका, जे. एन. वनर्जी एन्ड सन ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०६१). सुलोचना (एघारौँ संस्करण). साझा प्रकाशन ।

निरौला, लेखप्रसाद (?). राष्ट्रकवि माधवप्रसाद घिमिरेका काव्यमा अलङ्कारको प्रयोग. [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. नेपाल सस्कृत विश्वविद्यालय ।

न्यौपाने, चन्द्रप्रसाद (२०६७). छन्दकुञ्ज. काष्टमण्डप प्रकाशन गृह ।

पन्त, भरतराज (२०५६). नेपाली अलङ्कार परिचय. नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, भानुभक्त (२०५९). सिद्धान्त र साहित्य (द्वितीय संस्करण). साझा प्रकाशन ।

भट्टराई, घटराज (२०३८). संस्कृतका अमर साहित्यकार (द्वितीय संस्करण). साझा प्रकाशन ।

भट्टराई, सूर्यप्रसाद (२०७८).कविशिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित तरुणतपसी महाकाव्यमा अलङ्कारको प्रयोग. [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. नेपाल सस्कृत विश्वविद्यालय ।

बन्धु, चूडामणि (२०४६). देवकोटा (द्वितीय संस्करण). साझा प्रकाशन ।

भामह (सन् २००२). काव्यालङ्कार, चौखम्वा संस्कृत सिरिज आफिस ।

रुद्रट (सन् १९६५). काव्यालङ्कार (सत्यदेव चौधरी. व्या.). वासुदेव प्रकाशन ।

वामन (सन् २०११). काव्यालङ्कार सूत्रवृत्ति. आत्माराम एन्ड सन्स ।

विश्वनाथ (सन्२००८). साहित्य दर्पण (लोकमणि दाहाल र त्रिलोकीनाथ द्विवेदी. सम्पा.). चौखम्वा सुरभारती प्रकाशन ।

शर्मा, मोहनराज. लुइँटेल, खगेन्द्रप्रसाद (२०६१).पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त. विद्यार्थी पुस्तक भण्डार ।

शुक्लयजुर्वेद संहिता (सन् २०११). (दौलतराम गौड वेदाचार्य. सम्पा.). श्री ठाकुरप्रसाद पुस्तक ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४). पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख वाद र प्रणली (द्वितीय संस्करण). साझा प्रकाशन ।